# गंगादेव गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

# सानडाँडा,रोल्पा

## उपभोक्ता समितिलाई एक दिने अभिमुखीकरण तालिम

**मितिः २०७८/०८/१२-२०७८/०८/१९**

## सारांश

गंगादेव गाउँपालिकाले मिति २०७८/०८/१२ गतेदेखि २०७८/०८/१९ गते सम्म सम्पूर्ण वडामा गइ उपभोक्ता समितिलाई एक दिने अभिमुखीकरण तालिमको आयोजना गरेको थियो । जहाँ सहजकर्ता योजना शाखा प्रमुख,प्राविधिक शाखाका प्रतिनिधिहरु र लेखा तथा आ.ले.प शाखा प्रमुखहरु हुनुहुन्थ्यो । योजनामा काम गर्दा अपनाउनु पर्ने मापदण्ड तथा काजगपत्रहरुको जानकारी दिने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा प्रत्येक वडाबाट लगभग ४० जना सहभागी गराउने लक्ष्य बोकेको कार्यक्रममा कुनै वडामा ४० जना भन्दा बढि थिए भने कुनै वडामा ४० भन्दा कम थिए । जम्मा २८७ जना सहभागी थिए । समग्रमा कार्यक्रम सफलतापूर्वक आयोजना गरियो ।

## परिचय(Introduction)

गंगादेव गाउँपालिकामा उपभोक्ता समितिलाई यस गंगादेव गाउँपालिकाको विकासका लागि आ .व. २०७८/०७९मा परेको योजनाहरुमा काम गर्दाका बखत अपनाउनु पर्ने प्रकृया ,मापदण्ड , कागजपत्र आदिका बारेमा प्रदान गरि जानकारी मूलक तालिम नै उपभोक्ता समितिका लागि एक दिने अभिमुखीकरण तालिम हो ।

## उद्देश्य(Objective)

यस तालिमको मुख्य उद्दयेश्यहरु यस प्रकार रहेका छन् ।

- उपभोक्ता समितिलाई यस पालिकाको विकासका लागि परेका योजनाहरु वास्तवमै हाम्रो लागि लागि हो भनि महसुश गराइ बजेटको सही सदुपयोगका लागि ।
- योजनामा काम गर्दा आवश्यक पकृया,कागजपत्र तथा मापदण्डका बारेमा जानकारी गराउन
- सम्झौता तथा भुक्तानी आदिका बारेमा जानकारी गराउन

### तालिम सञ्चालन गर्दा अपनाइएका मापदण्डहरु तथा प्रकृयाहरु

- तालिम सञ्चालन गर्दा विश्वव्यापी महामारी कोरोना भाइरस (Covid-19) लाई मध्यनजर गर्दै स्यानिटाइजर तथा मास्कको व्यवस्था तथा प्रयोग गरिएको थियो ।
- तालिम सञ्चालन गर्दा कम्तिमा तिनजना सहजकर्ताबाट आ-आफ्नो विषयमा जानकारी दिन लगाइएको थियो भने, अन्तर्क्रियाबाट सहभागीहरुको जिज्ञासालाइ पनि समाधान गरिएको थियो ।
- सहभागीलाई आवश्यक सामाग्रि कार्यालयबाटै व्यवस्थापन गरिएको थियो । सहभागीलाई हौसला प्रदान गर्नका लागि एक दिन केही सिकेबापतको प्रमाणपत्र पनि वितरण गरिएको थियो ।

**तालिम सञ्चालन भएको स्थान तथा मिति तपशिलको तालिका अनुसार थियो ।**

| मिति | २०७८/०८/१२ | २०७८/०८/१३ | २०७८/०८/१४ | २०७८/०८/१५ | २०७८/०८/१६ | २०७८/०८/१७ | २०७८/०८/१९ |
|---|---|---|---|---|---|---|---|
| स्थान | २ नं वडा कार्यालय | ३ नं वडा कार्यालय | १ नं वडा कार्यालय | ४ नं वडा कार्यालय | ५ नं वडा कार्यालय | ७ नं वडा कार्यालय | ६ नं वडा कार्यालय |
| उपस्थित सहभागी संख्या | ३८ जना | ४२ | ४५ | ३८ | ४२ | ४० | ४१ |

**तालिमका विषयवस्तुहरुः**

तालिमका विषयवस्तुहरुको बारेमा छलफल गर्दा गाउँपालिकाका विभिन्न वडामा परेका योजनामा काम गर्दा अपनाउनु पर्ने मापदण्डका बारेमा थिए भने विषयवस्तु तथा सम्बन्धित सहजकर्ताहरु तपशिलका हुनुहन्थ्यो ।

| **विषयवस्तु** | **सम्बन्धित सहजकर्ता** | **पद** |
|---|---|---|
| • योजनाको परिचय<br>• उपभोक्ता समिति गठन प्रकृया तथा माइनुट लेख्ने प्रकृया<br>• सम्झौता गर्दा उल्लेख गर्नुपर्ने कागजपत्रहरुको बारेमा तथा मापदण्डहरु<br>• सम्झौता पुस्तिका भर्दा ध्यान दिनुपर्ने कुराहरु | रण माया कुमारी चौधरी | योजना शाखा प्रमुख |
| • फिल्डमा काम गर्दा ध्यान दिनुपर्ने कुराहरु<br>• वडा प्राविधिक तथा प्राविधिक शाखा सँगको सहकार्य सम्बन्धमा ।<br>• estimate र final bill को बारेमा<br>• सम्पूर्ण बजेट खर्च भएता पनि final bill कम उठ्नुका कारणहरू आदि | प्राविधिक शाखाका कर्मचारीहरूःरमेश डाँगी,नविन डाँगी ,ओमकार वली | रमेश डाँगीः प्राविधिक शाखा प्रमुख<br>नविन डाँगीः इन्जनियर<br>ओमकार वलीः सब इन्जिनियर |
| • भुक्तानी प्रकृयाको बारेमा<br>• बिल भर्पाइ तथा डोर हाजिरीका बारेमा<br>• भुक्तानि लिँदा ध्यान दिनुपर्ने कुराहरु<br>• बेरुजु आउनुका कारणहरु<br>• अल्यामा जानुका कारणहरु आदि | उदय प्रकाश वली<br>भरत बस्नेत | आ.ले.प.शाखा परिक्षण<br>लेखा शाखा प्रमुख |

**उपलब्धिहरुः**

- उपभोक्ता समितिका सदस्यहरुलाई योजना सम्झौता,भुक्तानी आदिका बारेमा केही सिकाउने मौका पाइयो ।
- उपभोक्ता समितिलाई काम गर्ने क्रममा आउने चुनौतिका बारेमा छलफल गरी समाधानका उपायहरुको बारेमा छलफल गरियो । स्थलमै गई तालिम सञ्चालन गर्दा उहाँहरुलाई गाउँपालिकासम्म आउँदा भोग्नुपर्ने समस्याका बारेमा जान्ने मौका पाइयो ।
- उपभोक्ता समिति गठन गर्दा अपनाउनु पर्ने नियमहरुका बारेमा जानकारी दिइयो र केही गलत अभ्यासहरु सम्बन्धि जानकारी दिन पनि सफल भयो ।
- उपभोक्ता समितिमा बसी काम गर्न हौसला प्रदान गर्ने काम गरियो ।

**चुनौतीहरुः**

गंगादेव गाउँपालिकामा उपभोक्ता समितिलाई एक दिने अभिमुखीकरण तालिम सञ्चालन गर्ने क्रममा भोगिएका केही चुनौतीहरुः

- गंगादेव गाउँपालिका नेपालको एउटा अतिविकट गाउँपालिका हो । जहाँ बल्ल बल्ल मोटर बाटो ट्र्याक ओपन भएता पनि स्तरउन्नति हुन सकेको छैन । गाउँपालिकाभित्र कुनै पनि लोकल गाडिको सुविधा नभएको हुँदा धेरै जना कर्मचारी कार्यक्रममा जानुपर्ने जसका कारण खर्चको रकम अत्यधिक बढ्ने । र इन्धनको मूल्य अन्यत्र भन्दा बढि हुने । बाटो अत्यन्त खराब भएको हुँदा बिच बाटोमा सवारी (मोटरसाइकल) बिग्रिइ मर्मत गर्ने स्थानको सुविधा नहुँदा हिँडेर जानुपर्दा समय व्यवस्थापन गर्न समस्या हुने ।
- उपभोक्ता समितिका सदस्यभन्दा बाहिरका सदस्य पनि तालिममा सहभागी भइदिने ।
- राम्रो खाजा घर (होटल तथा क्यान्टिन) नहुँदा खाजा व्यवस्थापनमा कठिनाइ हुने । होटल भएता पनि पाना बिल नहुनाले कारोबार गर्न समस्या हुने ।
- नजिक स्टेशनरी नभएका कारण तालिमका सामान अप्ठ्यारो बाटोमा टाढाबाट बोकेर जानुपर्ने

निष्कर्षः समग्रमा कार्यक्रम सफलतापूर्वक आयोजना गरियो। प्रत्येक वडामा गई लक्षित वर्ग समुहलाई योजनामा काम गर्दा आवश्यक कागजपत्र तथा मापदण्डका बारेमा जानकारी दिइयो ।

## एक दिने अभिमुखीकरण तालिमका केही झलकहरु

### वडा नं १







उपभोक्ता समितिलाई एक दिने अभिमुखीकरण तालिम आ.व. २०७८/०७९






उपभोक्ता समितिलाई एक दिने अभिमुखीकरण तालिम आ.व. २०७८/०७९







उपभोक्ता समितिलाई एक दिने अभिमुखीकरण तालिम आ.व. २०७८/०७९

# वडा नं २






उपभोक्ता समितिलाई एक दिने अभिमुखीकरण तालिम आ.व. २०७८/०७९







उपभोक्ता समितिलाई एक दिने अभिमुखीकरण तालिम आ.व. २०७८/०७९

वडा नं ३





उपभोक्ता समितिलाई एक दिने अभिमुखीकरण तालिम आ.व. २०७८/०७९





उपभोक्ता समितिलाई एक दिने अभिमुखीकरण तालिम आ.व. २०७८/०७९


उपभोक्ता समितिलाई एक दिने
अभिमुखीकरण तालिम
मिति २०७८/०८/१२ गते देखी २०७८/०८/१८ गते सम्म
आयोजक
गंगादेव गाउँपालिका सानडाँडा
रोल्पा
आयोजना स्थल
३ नं. वडा कार्यालय



वडा नं ४ का केही झलकहरु







उपभोक्ता समितिलाई एक दिने अभिमुखीकरण तालिम आ.व. २०७८/०७९






उपभोक्ता समितिलाई एक दिने अभिमुखीकरण तालिम आ.व. २०७८/०७९



समितिलाई एक दिने
अभिमुखीकरण तालिम
मिति २०७८/०८/१२ गते देखी २०७८/०८/१८ गते सम्म
आयोजक
गंगादेव गाउँपालिका
रोल्पा
आयोजना स्थल
४ नं. वडा कार्यालय




वडा नं ५ का केही झलकहरु





उपभोक्ता समितिलाई एक दिने अभिमुखीकरण तालिम आ.व. २०७८/०७९




वडा नं ६



उपभोक्ता समितिलाई एक दिने अभिमुखीकरण तालिम आ.व. २०७८/०७९






उपभोक्ता समितिलाई एक दिने अभिमुखीकरण तालिम आ.व. २०७८/०७९





उपभोक्ता समितिलाई एक दिने अभिमुखीकरण तालिम आ.व. २०७८/०७९

वडा नं ७





उपभोक्ता समितिलाई एक दिने अभिमुखीकरण तालिम आ.व. २०७८/०७९




प्रतिवेदन पेश गर्नेः
रण माया कुमारी चौधरी
योजना शाखा प्रमुख
मितिः

प्रतिवेदन स्विकृत गर्नेः
शालिक राम बस्नेत
नि.प्र.प्र.अ.
मितिः

उपभोक्ता समितिलाई एक दिने अभिमुखीकरण तालिम आ.व. २०७८/०७९